# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
Website: www.mathigadhi.gov.np


च.नं. (Despatch No.)
पत्र सख्या : (Ref. No.)

## माथागढी गाउँपालिकाबाट प्रदान हुने सेवा सम्बन्धी सूचना ।

सूचना नं. २७/२०८०/०८१ मिति २०८०/१०/०९

प्रस्तुत विषयमा वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान भइरहेको कल्याणकारी सेवाहरुको सम्बन्धमा वैदेशिक रोजगार नियमावली, २०६४ (पाँचौं संशोधन)को नियम २८ को उपनियम ७ ले आर्थिक सहायताको निवेदन स्थानीय तह मार्फत् समेत दिन सक्ने व्यवस्था भए बमोजिम श्रम स्वीकृती लिई वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि यस माथागढी गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट तपसिल बमोजिमका सेवाहरु सञ्चालनमा रहेको सम्बन्धित सबै सरोकारवालाहरुका लागि सूचित गरिन्छ ।

*तपसिल*

- मृतकको शव नेपाल झिकाउने,
- शव ढुवानी,
- मृतक कामदारको नजिकको हकवालालाई आर्थिक सहायता दिने,
- बिरामी वा अंगभंग भएमा पाइने आर्थिक सहायता,
- कामदारको परिवारका सदस्यलाई स्वास्थ उपचार,
- छात्रवृत्ति सहायता,
- श्रमिकको उद्धार तथा खोजतलास,

२०८०/१०/०९

.................................
राम प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकत

## १. मृतकको शव नेपाल झिकाउने

**प्रक्रिया**

- बोर्ड सचिवालय, स्थानीय तह वा सूचना तथा परामर्श केन्द्र (MRC) मध्ये आफूलाई पायक पर्ने कार्यालयमा गई तोकिएको ढाँचामा उल्लेखित कागजात सहित निवेदन पेश गर्ने,
- निवेदन बोर्ड सचिवालय वा कन्सुलर सेवा विभागमा, माथि उल्लेखित निकाय मार्फत, अनलाइनबाट वा आधिकारिक इमेल मार्फत वा आफैं उपस्थित भएर दिन सकिने,
- निवेदनप्राप्त भएपछि बोर्ड सचिवालयले सम्बन्धित देशमा रहेको दूतावास/नियोगसँग समन्वय गरी शव नेपाल ल्याउन पहल गर्नेछ ।

**आवश्यक कागजातहरु**

- निवेदन,
- निवेदकको नागरिकताको प्रतिलिपि/परिचय खुल्ने कागजपत्र,
- कामदारको पासपोर्टको प्रतिलिपि ।

## २. शव ढुवानी

**प्रक्रिया**

- बोर्ड सचिवालय, स्थानीय तह वा सूचना तथा परामर्श केन्द्र (MRC) मध्ये आफूलाई पायक पर्ने कार्यालयमा गई तोकिएको ढाँचामा उल्लेखित कागजात सहित निवेदन पेश गर्ने,
- बोर्ड सचिवालयले श्रम स्वीकृतिलिई विदेश गएको कामदारको शव नेपालको अन्तर्राष्ट्रिय विमानस्थल देखि घरसम्म (नजिकको सडक विन्दुसम्म) निःशुल्क शव ढुवानी गर्ने,
- स्थानीय प्रशासन वा स्थानीय जन-प्रतिनिधिको रोहबरमा शव आफन्तलाई बुझाउने व्यवस्था बोर्ड सचिवालयले गर्नेछ ।

**आवश्यक कागजातहरु**

- निवेदकको नागरिकता प्रतिलिपि,
- कामदारको पासपोर्ट प्रतिलिपि,
- निवेदकको सम्पर्क नम्बर र मृतक परिवारको सम्पर्क ठेगाना ।

## ३. मृतक कामदारको नजिकको हकवालालाई आर्थिक सहायता दिने

**प्रक्रिया**

- स्थानीय तहमार्फत् वा बोर्ड सचिवालयमा हकवालाले निवेदन दिनुपर्ने,
- आवश्यक कागजात साथ प्राप्त निवेदन तहगत रुपमा चेक जाँच गरी बोर्ड सचिवालयले हकवालाको बैंक खातामा आर्थिक सहायता रकम सिधै जम्मा गर्नेछ ।

**आवश्यक कागजातहरु**

- मृतकको पासपोर्टको प्रतिलिपि,
- नागरिकताको प्रतिलिपि,
- विदेश स्थित नेपाली दूतावास/अस्पतालको मृत्युको प्रमाण र प्रज्ञापनपत्र (विदेशमा मृत्यु भएको हकमा),
- स्थानीय तहबाट जारी भएको मृत्युदर्ता प्रमाणपत्र, र हकवालाको फोटो सहितको किटानी सिफारिस,
- कुनै घटनाको कारण मृत्यु भएकोमा प्रहरी प्रशासनको रोहबरमा भएको सर्जमिन मुचुल्का,
- हकवालाको नागरिकता/नाता प्रमाणपत्रको प्रतिलिपि,
- अविवाहित प्रमाणपत्रको प्रतिलिपि (यदि अविवाहित भएमा),
- हकवालाले सम्बन्ध बिच्छेद गरेको भएमा अदालतको पत्र,
- "क" वर्गको वाणिज्य बैंकको खाता नं. प्रमाणित हुने कागजात ।

## ४. बिरामी वा अंगभंग भएमा पाइने आर्थिक सहायता

**प्रक्रिया**

- स्थानीय तह मार्फत् वा बोर्ड सचिवालयमा कामदारले निवदेन दिनु पर्ने,
- बिरामीको बाहिरी देखिने रोगको अवस्था अनुसार आर्थिक सहायता बोर्ड सचिवालयले उपलब्ध गराउने,
- नदेखिने र भित्री रोगका सम्बन्धमा विशेषज्ञ समितिमा पेश गरिने र समितिको निर्णयानुसार आर्थिक सहयात उपलब्ध गराउने ।

**आवश्यक कागजातहरु**

- गन्तव्य देशमा अंगभंग/बिरामीको प्रमाण (विदेश अस्पताल रिपोर्ट/दूतावास),
- कामदारको पासपोर्ट,
- पासपोर्टमा प्रस्थान/आगमनको छाप,
- नेपाल सरकारबाट मान्यता प्राप्त अस्पतालमा जाँच गरेको पछिल्लो मेडिकल रिपोर्ट,
- कामदार अंगभंग भएको स्पष्ट देखिने रंगिन फोटो,
- क वर्गको वाणिज्य बैंकको खाता नं. प्रमाणित हुने कागजात ।

## ५. कामदारको परिवारका सदस्यलाई अल्जाइमर, मृगौला फेल, क्यान्सर, मुटु सम्बन्धी रोग र पार्किन्सन रोग भएमा प्रदान गरिने औषधी उपचार सहयोग

**प्रक्रिया**

- स्थानीय तहमार्फत् वा बोर्ड सचिवालयमा हकवालाले निवेदन दिनुपर्ने
- निवेदनको चेक जाँचगरी विशेषज्ञ समितिमा पेश गरिने र समितिको निर्णयानुसार आर्थिक सहयात उपलब्ध गराउने ।

**आवश्यक कागजातहरु**

- कामदारको पासपोर्टको प्रतिलिपि,
- बिरामी परिवारको सदस्यको नागरिकता प्रतिलिपि, स्थानीय तहबाट सिफारिस पत्र,
- कामदार र बिरामी परिवारको सदस्य बीच नाता प्रमाणपत्र,
- नेपालको मान्यता प्राप्त अस्पतालमा पछिल्लो पटक चेक-जाँच गराएको प्रमाण (मेडिकल रिपोर्ट, चिकित्सकको प्रेस्क्रिप्शन),
- पासपोर्टमा प्रस्थान/आगमनको छाप लागेको पृष्ठको प्रतिलिपि
- "क" वर्गको वाणिज्य बैंकको खाता नं. प्रमाणित हुने कागजात ।

## ६. छात्रवृति सहायता

**प्रक्रिया**

- १००% आर्थिक सहायता पाउने कामदार वा हकदारका (१८ वर्ष मुनिका, नर्सरी देखि १२ कक्षासम्म) छोरा छोरीका लागि छात्रवृति सहायता उपलब्ध गराउन बोर्ड सचिवालयले हरेक वर्ष सूचना प्रकाशन गर्नेछ,
- छात्रवृतिका लागि सम्बन्धित विधार्थीले आफू अध्ययन गरेको विधालयमा निवेदन दिनु पर्ने,
- सम्बन्धित विधालयले शिक्षा विकास तथा समन्वय इकाई मार्फत बोर्ड सचिवालयमा निवेदन पठाउने,
- प्राप्त निवेदन चेक जाँच गरी बोर्ड सचिवालयले शिक्षा विकास तथा समन्वय इकाई मार्फत छात्रवृति सहायता रकम उपलब्ध गराउने ।

**आवश्यक कागजातहरु**

- पासपोर्टको प्रतिलिपि,
- अभिभावकको नागरिकताको प्रतिलिपि,
- मृत्युदर्ताको प्रमाणपत्र/अंगभंग/गम्भीर विरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणको प्रतिलिपि,
- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,
- विधालयको सिफारिस ।

## ७. कामदारको उद्दार तथा खोजतलास

**प्रक्रिया**

- उद्दारका लागि सम्बन्धित परिवारका सदस्यवा नजिकको आफन्तले बोर्ड सचिवालय, स्थानीय तह वा सूचना तथा परामर्श केन्द्र (MRC) मध्ये आफूलाई पायक पर्ने कार्यालयमा गई तोकिएको ढाँचामा उल्लेखित कागजात सहित निवेदन पेश गर्ने

- निवेदनप्राप्त भएपछि बोर्ड सचिवालयले सम्बन्धित देशमा रहेको दूतावास/नियोगसँग समन्वय गरी उद्धारको पहल गर्नेछ ।

**आवश्यक कागजातहरू**

- कामदारको पासपोर्टको प्रतिलिपि वा पासपोर्ट नम्बर,
- निवेदकको नागरिकता वा परिचय खुल्ने कागजको प्रतिलिपि र सम्पर्क नम्बर,
- गन्तव्य देशमा कम्पनीको बारेमा जानकारी,
- जेलको नाम र ठेगाना (कामदार जेलमा रहेमा) कामदारको सम्पर्क नम्बर (उपलब्ध छ भने) ।

## ८. कानूनी प्रतिरक्षा

**प्रक्रिया**

- कानूनी प्रतिरक्षाका लागि सम्बन्धित परिवार वा कामदारले बोर्ड सचिवालय वा सम्बन्धित देशको नेपाली दूतावासमा निवेदन दिने,
- बोर्ड सचिवालयमा प्राप्त निवेदन आवश्यक कारवाहीका लागि सम्बन्धित दूतावासमा पठाईने,
- सम्बन्धित नियोगले कानूनी प्रतिरक्षा उपलब्ध गराउने सम्बन्धमा राय सहित परराष्ट्र मन्त्रालयमा पत्राचार गर्ने,
- नियोगबाट प्राप्त राय सहित परराष्ट्र मन्त्रालयले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत बोर्ड सचिवालयमा पत्राचार हुने र बोर्डको निर्णयानुसार कानूनी प्रतिरक्षाको लागि रु. १५ लाखसम्म (प्रति व्यक्ति) रकम सम्बन्धित नियोगमा पठाउनेछ ।

**आवश्यक कागजातहरू**

- कामदारको पासपोर्टको प्रतिलिपि वा पासपोर्ट नम्बर,
- निवेदकको नागरिकता वा परिचय खुल्ने कागजको प्रतिलिपि र सम्पर्क नम्बर,
- कामदार संलग्न कम्पनीको नाम/जेलको नाम र ठेगाना,
- कामदारको सम्पर्क नम्बर (यदि उपलब्ध छ भने),
- परिवार सदस्य/आवेदकको नागरिकता र सम्पर्क नम्बर,
- निवेदक र कामदार बीचको नाता प्रमाणपत्र ।

## ९. शुल्क सोधभर्ना (PDOT) महिलाका लागि मात्र

**प्रक्रिया**

- पूर्व प्रस्थान अभिमुखीकरण तालिम (PDOT) को शुल्क सोधभर्ना लागि बोर्ड सचिवालयमा निवेदन दिनुपर्छ,
- प्राप्त निवेदन चेकजाँच गरी बोर्ड सचिवालयले नगदै रकम सोधभर्ना गर्नेछ ।

**आवश्यक कागजातहरू**

- श्रम स्वीकृतिलिएको निस्सा,
- अभिमुखीकरण तालिमको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम शुल्कको सक्कल रसिद,
- पासपोर्टको प्रतिलिपि ।

## १०. निवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरू

- आर्थिक सहायताको लागि मृत्यु वा अंगभंग भएको १ वर्षभित्र निवेदन दिइसक्नु पर्नेछ,
- पेश गरिने कागजातहरु आधिकारिक निकायबाट प्रमाणित भएको हुनु पर्नेछ,
- सेवा प्राप्त गर्न तोकिए बमोजिमको निवेदन/फारम वैदेशिक रोजगार बोर्डको वेबसाईट http://feb.gov.np/download #nebadan मा click गरी प्राप्त गर्न सकिनेछ,
- उल्लेखित सेवा प्राप्त गर्न श्रम स्वीकृतिलिई वैदेशिक रोजगारमा गएको हुनु पर्नेछ,
- स्थानीय तहबाट निवेदन दिंदा सम्बन्धित स्थानीय तहको आधिकारिक इमेल ठेगानाबाट पठाउनु पर्नेछ,
- आर्थिक सहायका लागि बोर्डको इमेल ठेगाना: welfare@feb.gov.np मा पठाउनु पर्नेछ ।
- थप जानकारीको लागि श्रम कल सेन्टरको पैसा नलाग्ने ११४१ नम्बरमा सम्पर्क गर्न सकिनेछ ।

## श्रम कल सेन्टर सम्पर्क विवरण

callcenter@feb.gov.np

www.facebook.com/molcallcenter

www.twitter.com/mol_callcenter

+977-9801800013

+977-9801800013

+977-9801800013

+977-9801800013, +977-01-5970008 (शुल्क लाग्ने) ११४१, १६६००१५०००५ (NTC बाट नि:शुल्क)

नोट: वैदेशिक रोजगार नियमावली, २०६४ (पाँचौं संशोधन)को नियम २८ को उपनियम ७ ले आर्थिक सहायताको निवेदन स्थानीय तहमार्फत् समेत दिन सकिने व्यवस्था गरेको छ ।